नेपाल सरकार

**राष्ट्रिय परीक्षा बोर्ड**

सानोठिमी, भक्तपुरको

# २०७५ सालको कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षा सम्बन्धी संशोधित सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रको च.नं. ५९/२०७५/०७६, मिति २०७५/५/१ को प्राप्त पत्रानुसार राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को ७१ औं बैठकको विद्यालय शिक्षामा अक्षरांकन पद्धति कार्यान्वयन कार्यविधि २०७२ (संशोधन सहित) को ३.१.३.४ ग्रेड बृद्धि (पूरक) परीक्षा सम्बन्धी निर्णयानुसार “माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ११, १२) मा कुनै एक विषयमा मात्र $D^+$ प्राप्त गरी अन्य सवै विषयहरुमा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुले $D^+$ प्राप्त गरेको विषयमा ग्रेड बृद्धि (पूरक) परीक्षा दिन सक्नेछन् । साथै कुनै एक विषयमा मात्र D वा E ग्रेड प्राप्त गरेका वा अनुपस्थित रही अन्य सवै विषयहरुमा $D^+$ वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरेका परीक्षार्थीहरुले $D^+$ प्राप्त गरेको विषयमा ग्रेड बृद्धि परीक्षा नदिने शर्तमा मात्र D वा E ग्रेड प्राप्त गरेको वा अनुपस्थित रहेको विषयमा ग्रेड बृद्धि परीक्षा दिन सक्नेछन्” भन्ने व्यवस्था भएको हुनाले बोर्डको मिति २०७५ भाद्र ३ गतेको निर्णयानुसार मिति २०७५ भाद्र १६ गते सञ्चालन गरिने कक्षा १२ को ग्रेडबृद्धि (पूरक) परीक्षामा सोही अनुसार परीक्षार्थीहरु सहभागी हुन पाउने व्यवस्था गरी यो सूचना प्रकाशित गरिएको छ । अन्य कुराहरु मिति २०७५ श्रावण १८ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै बोर्डका शाखा कार्यालयहरुले यसै सूचनालाई आधार मानी सोही अनुसार गर्नु गराउनुहुन जानकारी गराइन्छ ।

**- परीक्षा नियन्त्रक**